# बाह्रदशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
१ नं.-प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

तेस्रो पटक प्रकाशित मितिः- २०७९/०४/२०

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ उपदफा २ (ग) तथा यस बाह्रदशी गाउँ कार्यपालिकाको मिति २०७९।०४।२० गतेको निर्णयबाट आ.व ०७९।०८० (१ वर्ष) मा संकलन गरिने हाटबजार सेवा शुल्कको न्यूनतम कबोल अंक निर्धारण भए बमोजिम देहायका ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले देहायको शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न यो ३(तिन) दिने सूचना प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराइन्छ ।

ठेक्काको विवरण

| सि.न | ठेक्का नं | ठेक्का विवरण | न्यूनतम कबोल अंक (भ्याट समेत) | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र फारम खरिदगर्ने अन्तिम मिति | शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति | शिलबन्दी दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | ठे.नं २ | डाँगीबारीबाखा तथा हाट बजार | २,५०,००० | १०००।- | २०७९।०४।२२ गते कार्यालय समय सम्म | २०७९।०४।२३ गते १२:०० बजे सम्म | २०७९।०४।२३ गते २:०० बजे सम्म |
| २ | ठे.न ३ | स्थानिय सेवा शुल्क (निकासी) कर खाद्यन्य बाहेक | ३,००,००० | १,००० ।- | | | |
| ३ | ठे.नं ४ | राजगढ हाट बजार | १,५०,००० | १०००। - | | | |
| ४ | ठे.न ५ | चकचकी हाट बजार | २५,००० | १०००। - | | | |
| ५ | ठे.न ६ | फुलबारी हाट बजार | १२,००० | १०००। - | | | |

नोटः- शर्तहरु तथा अन्य विस्तृत जानकारीका लागि बाह्रदशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा सूचना पाटी, वेभसाइटः-www.bahradashimun.gov.np वा कार्यालय समयभित्र समेत सम्पर्क गर्न सक्नुहुनेछ ।

०७९।४।२०

.................................

खेमराज थापा

प्रमुख प्रशासकीय अधिकृत

## शर्तहरु

१. खरिद भएका शिलबन्दी दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ४ औ दिनको दिउसो १२:०० बजेभित्र दर्ता गराउनु पर्नेछ। तोकेको मिति तथा समयभन्दा पछि बझाएको शिलबन्दी दरभाउपत्र स्विकार गरिने छैन। सोही दिनको २:०० बजे उपस्थित भएका दरभाउपत्र दाता वा प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा शिलबन्दी दरभाउपत्र खोलिनेछ। शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पुग्ने छैन।

२. शिलबन्दी दरभाउपत्र को बाहिर खाममा कार्यालयलाई सम्बोधन गरी आपूर्तिकर्ताको नाम, ठेगाना, कामको विवरण र फोन नं स्पष्ट उल्लेख गरि फर्मको छाप लगाई लाहाछापद्धारा शिलबन्दी गरि शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ।

३. दरभाउपत्र स्वीकृत भई संझौता गर्न आउदा कबोल गरेको अंकमा आउने रकम मध्ये कम्तिमा ५०% रकम बुझाई सम्झौता गर्नुपर्नेछ बाँकी ५०% प्रतिशत रकम पौष मसान्त भित्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ। ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाउदा स्वीकृत अंकमा बढीमा १०% छुट दिन सकिनेछ।

४. तोकिएको समयावधिमा पर्न आएका शिलबन्दी दरभाउपत्रहरु सूचनामा तोकिएको मिति तथा समयमा शिलबन्दी दरभाउपत्र खरिदकर्ता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा शिलबन्दी दरभाउपत्र खरिदकर्ता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। शिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित कवोल अंकको ५% धरौटी रकम यस कार्यालयको माछापुच्छ्रे बैंङ्क, राजगढ स्थित धरौटी खाता नं. ०८३००८७०५०००००६२ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचरको दोश्रो प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ। धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै रुपमा समावेश गर्नु पर्नेछ। धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शिर्षकको धरौटी हो ? स्पष्ट उल्लेख गर्नु पर्नेछ।

५. शिलबन्दी दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। केरमेट भएको स्थानमा दस्तखत र छाप नभएमा मान्यता दिइने छैन।

६. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ। मनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको शिलबन्दी दरभाउपत्र खरिदकर्तालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ।

७. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ।

८. कर, दस्तुर र शुल्क उठाउन प्रयोग हुने रसिदहरु २ (दुई) प्रति भएको रसिद ठेकेदार आफैले छपाई सो मा कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई सो को अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।

९. ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा गाउँपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ। अन्य विभिन्न विषयमा गाउँपालिकाले दिएको निर्देशन अनिवार्य रुपमा पालना गनुपर्नेछ।

१०. गाउँपालिकालाई रकम वुझाउनु पर्ने बाँकी वक्यौता भएका फर्महरुले त्यस्तो बाँकी रकम नबुझाएसम्म निजको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिने छैन।

११. ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन। बीचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बांकी रकममा १०% व्याज जोडी असुल उपर गरिने छ। यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

१२. ठेक्का अवधि २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्तसम्म १ (एक) वर्षको हुनेछ।

१३. कर र शुल्क उठाउन पाउने सामाग्रीहरुको विवरण एवम स्थानीय हाटबजार सेवा शुल्क (सडक हाटबजार प्रयोग वापत) समेतका दररेटहरुको विवरण शिलबन्दी दरभाउपत्र फाराम साथ प्राप्त हुनेछ।

१४. शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ।

१५. कुनै पनि शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र माथि कारवाही हुने छैन।

खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१६. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु प्रचलित कानून तथा गाउँपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन।

१७. यस कार्यालयको छाप र कार्यालय प्रमुख र निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिईनेछैन।

१८. गैरकानुनी रुपले सम्झौता विपरित कार्य गरेमा ठेक्का तोडी सम्पूर्ण हर्जना तिराई कालो सूचीमा राख्ने तर्फ कार्यवाही चलाईनेछ।

१९. सुचना अवधिमा कुनै परिपत्र, निर्देशन तथा निर्णय भई सूचना संशोधन तथा थपघट गर्नु परेमा सार्वजनिक सूचना गरी जानकारी गराईनेछ।

२०. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। बन्द, हड्ताल जस्ता असामान्य परिस्थिति भए / परेमा नेपाल सरकारको निर्णयको आधारमा मात्र निर्णय गर्न सकिनेछ।

२१. **मिन्हा माफी तथा छुट सम्वन्धमा:** यस सूचना वमोजिम सम्झौता भई ठेक्का चलानपूर्जी जारी गरिएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन। एक पटक शुल्क लिइसकेको पुनः थप शुल्क लिन पाइने छैन।

२२. दरभाउपत्र खरिद गर्दा उल्लेखित ठेक्काहरु छुट्टा छुट्टै खरिद गरी छुट्टा छुट्टै पेश गर्नुपर्नेछ।

२३. यस सूचनाका शर्तबाहेक ठेक्काका अन्य शर्तहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ।

२४. अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

.....................................

खेमराज थापा

प्रमुख प्रशासकीय अधिकृत

खेमराज थापा
प्रमुख प्रशासकीय अधिकृत